

**के तपाईंको घर पानीले रसाएको छ ?**
**अब चिन्ता नगर्नुहोस् !**
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन २४ गते बिहीबार ❑ 8 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## कास्कीमा ३ सय १९ जनामा डेंगु संक्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन



कास्कीमा ३ सय १९ जनामा डेंगु संक्रमण देखिएको छ। सन् २०२४ को जनवरीदेखि हालसम्म (अगष्ट ५ तारिक) सम्म कास्कीमा उक्त सङ्ख्यामा डेंगु संक्रमण देखा परेको स्वास्थ्य कार्यालय कास्कीका भेक्टर कन्ट्रोल अधिकृत यामनाथ बरालले बताउनु भयो।

उहाँका अनुसार जनवरी महिनामा २६, फेब्रुअरीमा ६, मार्चमा २, अप्रिलमा ८, मेमा १७, जुनमा ३५, जुलाईमा १ सय ५० र अगष्टको ५ तारिकसम्ममा ७५ जनामा डेंगु संक्रमण देखा परेको छ। पछिल्लो एक महिना देखि कास्कीमा डेंगु शंक्रमण बढ्दो रुपमा रहेकोले यसको उच्च सावधानि अपनाउनु पर्ने भेक्टर कन्ट्रोल अधिकृत बराललले जनाउनुभयो।

कार्यालयले दिएको तथ्याङ्क अनुसार सबै भन्दा बढी पोखरा महानगरपालिकामा डेंगु संक्रमण देखा परेको छ भने हालसम्म यस सिजनमा मादी गाउँपालिकामा भने एक जनामा पनि यस संक्रमण देखा नपरेको उल्लेख गरिएको छ। पोखरामा १ सय ७४ जनामा यस शंक्रमण देखा परेको छ भने अन्नपूर्ण र रुपा गाउँपालिकामा समान ३/३ जनामा डेंगु संक्रमण देखा परेको बरालले जनाउनु भयो । कास्कीमा विभिन्न स्वास्थ्य संघ संस्थाहरुबाट डेंगु संक्रमण परिक्षण गर्दा कास्की भन्दा बाहिरि जिल्लाका ३१ जनामा शंक्रमण देखा परेको छ भने १ सय ६ जनामा कुनै ठाँउ र ठेगाना नखुलेकामा डेंगु संक्रमण देखा परेको उहाँले जनाउनु भयो। यसरी हेर्दा पोखरा महानगरपालिकाका ३३ वटा वडाहरु मध्य सबै भन्दा धेरै पोखरा ८ मा १६ जनामा डेंगू संक्रमण देखा परेको छ भने १३ वटा वडामा यस संक्रमण देखा परेको छैन्। यस रोगबाट यस वर्ष कुनै व्यक्तिको मृत्यु भने भएको छैन् । संक्रमणलाई समयमै रोकथाम गर्न नसके बढी रक्तश्राव भएर मानिसको ज्यान समेत जाने चिकित्सकहरुले बताउदै आउनु भएको छ।

उक्त संक्रमण हुँदा वान्ता हुने, शारीर कमजोर हुने, खानामा रुचि नहुने, शारीरमा साना साना राता दाना हुने जस्ता लक्षण देखिना साथ नजिकको अस्पतालमा उपचार गर्न उहाँले आग्रह गर्नु भयो। लामखुट्टेबाट हुने डेंगु रोग नियन्त्रण तथा रोकथामका लागि समुदायमा अभियान आवश्यक भएको कार्यालयले जनाएको छ।

## हेलिकप्टर दुर्घटनामा पाँच जनाको मृत्यु

**रासस**
काठमाडौं, २३ साउन

नुवाकोटको शिवपुरीमा एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा चार पुरुष र एक महिला रहेका छन्।

नुवाकोटका प्रहरी उपरीक्षक शान्तिराज कोइरालाका अनुसार शिवपुरी गाउँपालिका-७ शिवपुरी जङ्गलको सूर्यचौर क्षेत्रमा हेलिकप्टर दुर्घटना भएको हो । दिउँसो १:५४ बजे भक्तपुरको नलिनचोकबाट रसुवाको स्याँफ्रुबेसीका लागि उडान भरेको उक्त हेलिकप्टर तीन मिनेटपछि सम्पर्कविहीन भएको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का सूचना अधिकारी ज्ञानेन्द्र भूलले जानकारी दिनुभयो।

हेलिकप्टर दुर्घटनामा परी पाइलट अरुण मल्लसहित चार चिनियाँ नागरिकको मृत्यु भएको हो। मृत्यु हुनेमा पाइलट मल्ल र चिनियाँ नागरिकहरू जुताङ ताङ, ताइ ली, यीयाम वु र जेमिङ जी रहनुभएको छ।

सरकारले एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटनाको छानबिन गर्न तीन सदस्यीय दुर्घटना जाँचबुझ आयोग गठन गरेको छ। मन्त्रिपरिषद्को आज सिंहदरबारमा भएको आकस्मिक बैठकले नेपाली सेनाका वरिष्ठ पाइलट सुवास थापाको संयोजकत्वमा आयोग गठन गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सञ्चारकर्मीलाई जानकारी दिनुभयो । आयोगको सदस्यमा एरोनोटिकल इञ्जिनियर विष्णु बस्नेत र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव (प्राविधिक) तनुजा पोखरेल हुनुहुन्छ । आयोगलाई ३० दिनभित्र प्रतिवेदन पेस गर्न समय दिइएको छ।

## गण्डकीमा ९६ प्रतिशत रोपाइँ

**रासस**
काठमाडौं, २३ साउन

गण्डकी प्रदेशको अधिकांश क्षेत्रमा रोपाइँ सकिएको छ । प्रदेश कृषि विकास निर्देशनालयका अनुसार हालसम्ममा ९६ प्रतिशतभन्दा बढी रोपाइँ भइसकेको छ। सबैभन्दा बढी पर्वतमा ९९ प्रतिशत र सबैभन्दा कम गोरखामा ८७ दशमलव २८ प्रतिशत रोपाइँ भएको निर्देशनालयका कृषि अधिकृत रञ्जना पोखरेलले जानकारी दिनुभयो।

कास्कीमा ९८ दशमलव ५०, म्याग्दीमा ९८ दशमलव ३०, लमजुङमा ९८, स्याङ्जामा ९८, बागलुङमा ९७, तनहुँमा ९६ दशमलव २२ र नवलपुरमा ९४ प्रतिशत रोपाइँ भएको हो। यस वर्ष प्रदेशभरिमा ९६ हजार ५३ हेक्टर क्षेत्रफलमा वर्षे धानखेती हुने अनुमान निर्देशनालयको छ। गत वर्ष ९७ हजार सात सय ६९ हेक्टरमा धानखेती गरिएको थियो। प्रदेशको कुल चार लाख ७९ हजार छ सय १७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्सेनि एक लाख हेक्टर वरिपरि वर्षे धानखेती हुँदै आएको छ।

यही साताभित्रमा प्रदेशभर रोपाइँ सकिने अनुमान गरिएको कृषि अधिकृत पोखरेलले बताउनुभयो । गत असार १५ सम्ममा प्रदेशमा जम्मा १५ प्रतिशत रोपाइँ भएकामा त्यसयता बढेर ९६ प्रतिशत पुगेको हो। पछिल्लो समय मनसुन सक्रिय भएकाले रोपाइँ सहज भएको छ । आकाशे पानीमा निर्भर किसान पनि यतिबेला रोपाइँमा व्यस्त छन् । बाह्रैमास सिँचाइ सुविधा भएका र दुई बाली फल्ने यहाँका फाँटमा मध्यजेठदेखि नै रोपाइँ सुरु हुन्छ। यस वर्ष रोपाइँका लागि मलको अभाव नरहेको निर्देशनालले जनाएको छ । हिमालपारिका जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको उहाँको भनाइ छ । नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धानखेतीको क्षेत्रफल बढी छ । धानखेतीका लागि जिल्लामा पकेट क्षेत्र तोकिएको छ। गोरखाको छेवेटार, पालुङटार, आरुघाट र सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार र करापुटार, तनहुँको चुँदीफाँट,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक शान्ति प्रक्रियाको अन्तिम किस्तामा कोसेढुंगा साबित : प्रधानमन्त्री

**रासस**
काठमाडौं, २३ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमा भएको सहमति शान्ति प्रक्रियाको अन्तिम किस्तामा कोसेढुङ्गा साबित भएको बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आज प्रधानमन्त्री ओलीसहित तीन राजनीतिक दलका शीर्ष नेतासमक्ष सङ्क्रमणकालीन न्यायलाई टुङ्ग्याउने विषयमा कार्यदल तहमा भएको समझदारीको प्रतिवेदन ग्रहणपछि प्रधानमन्त्री ओलीले सहमतिको प्रतिवेदन प्राप्त भएकाले अब कानुनी आधार दिन कुनै अन्योल र द्विविधा नभएकाले संसद्को यसै अधिवेशनबाट सर्वसम्मतिका साथ विधेयक पारित गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो । "हामीले थालेको शान्ति प्रक्रिया र त्यसको अन्तिम किस्ताका रूपमा रहेका यी कार्यहरूलाई सम्पन्न गर्न कानुनलाई संशोधन गर्नुपर्ने अवस्थामा पीडितमैत्री विषयलाई ध्यान दिएर सहमति भएको छ । हामी पीडादायी विगतबाट गुज्रियौँ । देशमा हिंसात्मक द्वन्द्व भयो। देशलाई ठूलो क्षति भयो।

सकारात्मक परिवर्तन पनि भयो तर हामीले शान्ति प्रक्रियालाई टुङ्गोमा लैजानुपर्ने थियो। हिंसाका सबै अभ्यासलाई सहमतिबाट शान्ति प्रक्रियामा ल्याइसकेपछि अब त्यसका अवशेषहरू रहन आवश्यक छैन", प्रधानमन्त्री ओलीले भन्नुभयो, "सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला, अन्तर्राष्ट्रिय मान्यता र पीडितमैत्री विषयलाई ध्यानमा राखेर यो सहमति भएको छ। शान्ति प्रक्रियामा यो कोसेढुङ्गा साबित भएको छ। फेरि भविष्यमा यस्तो द्वन्द्व नहोस् भन्नका लागि यी विधेयक ल्याइएका हुन् । विधेयक पारितसँगै हामी आपसी परामर्श र सहमतिमा आयोग गठनलगायतका काममा तत्काल लाग्नेछौँ।"

विगतमा विभिन्न अभ्यास भए पनि अब लोकतन्त्र आइसकेको स्थितिमा हिंसा र विधिविहीनताको बाटो आवश्यक नभएको प्रधानमन्त्री ओलीले स्पष्ट गर्नुभयो। उहाँले लोकतन्त्रलाई जीवन पद्धति मानेर चल्नुपर्छ भन्नेमा सरकार स्पष्ट भएको उल्लेख गर्दै लोकतन्त्रका लागि लडेकाहरू भएकाले सङ्घीय

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पचपन्न वर्षदेखि सारङ्गी रेट्दै रामबहादुर

**पोखरापत्र संवाददाता**
गण्डकी, २३ साउन



पाँच वर्षको उमेरदेखि बुबा धनबहादुर गन्दर्भको पछि लागेर सारङ्गी रेट्दै हिँडेको सम्झना रामबहादुरका स्मृतिमा अझै ताजै छन्।

पोखरा महानगरपालिका-३२ छुँचीका रामबहादुर उमेरले ६० वर्ष पुग्नुभयो । उहाँले पुर्ख्यौली पेसालाई निरन्तरता दिइरहनुभएको छ । गन्दर्भ समुदायमा सारङ्गी बजाउने पेसा विस्तारै लोप हुन थालेको बेला उहाँले निरन्तरता दिइरहनुभएको हो।

पितापूर्खाले गाउँगाउँ डुल्दै गीत गाएरै जीविकोपार्जन गरेको परम्परा लोप हुने अवस्थामा पुगेको उहाँले बताउनुभयो । "गन्दर्भ जातिको प्राचीन संस्कार र संस्कृति अधिकांश स्थानमा हराइसकेको छ", उहाँले भन्नुभयो, "पछिल्लो पुस्तामा यस पेसाप्रतिको आकर्षण छैन।" परापूर्व कालदेखि समाजमा भए गरेका घटनालाई गीतको माध्यबाट मानिसको मन छुनेगरी ऱ्याइँऱ्याइँ सारङ्गी रेट्दै सूचना दिन घरघरमा डुल्ने गन्दर्भ जातिको यो संस्कृति मौलिक लोक संस्कृति हो । पूर्ख्यौली पेसाका रूपमा वर्षौदेखि अँगाल्दै आएको यो पेसा संरक्षणको अभावमा अहिले लोप हुने अवस्थामा पुगेको हो। पहिलेपहिले गाउँमा अहिले जस्तो सडक तथा यातायातको सुविधा थिएन । गन्दर्भहरू सारङ्गी रेट्दै गीत गाएर गाउँलेले दिएको नून, चामल, दाल, तरकारीले जीविकोपार्जन गर्दथे । यो संस्कृति तत्कालीन समयमा सामाजिक संस्कृतिको रूपमा थियो । बाउबाजे कास्कीकै बडहरेबाट छुँचीमा बसाइँ सरेर आएको बताउँदै रामबहादुरले आफ्ना बुबाहरू लाले, काले र गोरे सबैले आफ्नो जीवनपर्यन्त यही पेसालाई अँगालेको स्मरण गर्नुभयो । गाइने पेसाबाटै तीन छोरी, एक छोराको पालपोषण र शिक्षादिक्षा दिने काम गर्नुभयो । आफूलाई अझै यस पेसाप्रति गौरव लाग्ने उहाँ बताउनुहुन्छ । सारङ्गीलाई गन्दर्भ समुदायको सौभाग्यका रूपमा लिने गरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "गन्दर्भ समुदायमा बुढापाकाले आफ्ना सन्ततिलाई गन्दर्भ पेसा छोडे पनि घरको मूल धुरी खाँबोमा सारङ्गी राख्न भने नछोड्नु है भन्दै आएका छन् ।"जीवनको सर्वस्व नै सारङ्गी भएको बताउँदै उहाँले आफूले बालबच्चा र परिवार पाल्ने गैरी खेतका रूपमा लिने गरेको बताउनुभयो । "यो पेसा भगवानको समयदेखि अस्तित्वमा आएको पेसा हो", उहाँले भन्नुभयो, "त्यस समयमा गन्दर्भहरूले गाउने, अप्सरा नाच्ने र देवतालाई मनोरञ्जन प्रदान गर्ने संस्कृति हाम्रा धर्मग्रन्थमा पाइन्छ ।"बाँकी जीवन यही पेसामा समर्पित गर्ने उहाँको रहर छ । नयाँ पुस्ता भने यसतर्फ आकर्षित नहुँदा पेसा लोप हुने हो कि भन्ने चिन्ताले उहाँलाई पिरोलिरहन्छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मौरी संरक्षण सचेतता अभियानको साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

पोखरा महानगर पालिका वडा न २५ स्थित मौरी संरक्षण सचेतता अभियानको प्रथम बार्षिक साधारण सभा तथा अधिबेशन बुधबार सम्पन्न भएको छ।



कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो। पौडेलले एक घर एक घार मौरी अभियान संचालन गरेर उदारहणिय कार्य शुरु गरेकोमा संस्थालाइ आभार व्यक्त गर्दै यो अभियान समग्र जिल्ला भरी संचालन गर्न पहल गर्नुपर्ने उल्लेख गर्नुभयो । मौरी पालनबाट स्वास्थ्य र जीबनमा महत्वपूर्ण भुमिका मात्र खेल्ने नभएर पर्यावरणीय सन्तुलन सहित ब्यबसायिक मौरी पालनबाट प्रभाबकारी आय आर्जनको माध्यम समेत हुने भएकोले मौरी संरक्षण अभियानलाई थप कृयाशिल बनाउन आग्रह गर्नुभयो।

मौरी पालक कृषकहरूले मौरी संरक्षणमा गम्भीर चुनौतीपूर्ण समस्या भोग्नु परेको अबस्थामा सो अभियान समग्र जिल्लामा नै मौरी संरक्षणमा कोषेढुङ्गा साबित हुनेगरी कार्य गर्न आग्रह गर्नुभयो। कार्यक्रममा पोखरा महानगरपालिका वडा न. २५ का अध्यक्ष मोतिलाल तिमिल्सिना, रेडक्रस कास्कीका सभापति डण्डराज शर्मा, रेडक्रस सोसाइटी वडा न २५ का अध्यक्ष नेत्रपाणि भण्डारी, मानब अधिकार एलायन्स कास्कीका अध्यक्ष पदम पहारी, सो वडाका सदस्यत्रय सुबास भण्डारी, धना पोखेल तिमिल्सिना, तारा बि.क., ने क पा(एमाले) जिल्ला कमिटी सदस्य घनश्याम तिमिल्सिना, नेकपा (एमाले) एमाले वडा न २४ का अध्यक्ष थमन गिरी, नेपाली काङ्ग्रेसका प्रतिनिधि दिपक थापा, नेकपा (माओवादी केन्द्र) का आरती अधिकारी, रास्वपा वडा न २५ का अध्यक्ष भरत बहादुर अधिकारी, सुइखेत टोल बिकासका अध्यक्ष बोधराज अधिकारी, तिनखोले सामुदायिक बन उपभोक्ता समितिका अध्यक्ष शोभाखर तिमिल्सिना, कालिका आमा समुहका अध्यक्ष धनमाया सुवेदी, कृषि प्राबिधिक पुष्पा हमाल सहितले मन्तव्य ब्यक्त गर्नुभएको थियो । मौरी संरक्षण सचेतता अभियानका अध्यक्ष रामचन्द्र सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष महादेब अधिकारी र संचालन सचिब कपिलराज दाहालले गर्नुभएको थियो।

# गण्डकीमा हेमोडायलसिस सेवालाई व्यवस्थित गर्न सफ्टवेयर निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

गण्डकी प्रदेशमा हेमोडायलसिस सेवालाई व्यवस्थित गर्न हेमोडायलसिस रेकर्ड मनीटोरिङ सिष्टमको विकास गरएको छ।



राष्ट्रिय आविष्कार केन्द्रको सहयोगमा उक्त सफ्टवेयर निर्माण गरिएको हो । जसको बुधबार मन्त्रालयमा नै एक कार्यक्रमका बीच सामाजिक तथा स्वास्थ्य मन्त्री विन्दु कुमार थापाले उद्घाटन गरे । मन्त्री थापाले सफ्टवेयरका माध्यम प्रदेशमा भएका डायलसिस गर्ने विरामीको सही तथ्याङ्कका विषयमा जानकारी लिन मदत पुग्ने बताए।

उनले रिफर गरेर एउटा अस्पतालबाट उपचारका लागि अर्को अस्पताल जाँदा पनि डुप्लीकेसन नहुने तवरले उपचार गर्न सहायक सिद्ध हुने विश्वास व्यक्त गरे । "डायलसिस गर्ने विरामीको वास्तविक तथ्याङक प्राप्त गर्न सफ्टवेयर सहायक सिद्ध हुनेमा विश्वस्त छु। डाटा अनुसार सेवा प्रवाहमा सहजता बनाउन सफ्टवेयरका माध्यम मदत पुग्नेछ ।", उनले भने । प्रदेशको डायलसिस सेवालाई सरल बनाउन सफ्टवेयरले सहयोग पुग्ने उनको भनाई छ । स्वास्थ्य मन्त्रालय गण्डकीका सचिव विनोद विन्दु शर्माले प्रदेश सरकारले निशुल्क रुपमा डायलसिस सेवा प्रदान गर्दै आएको बताए। उनका अनुसार वर्षमा ८० देखि ८५ करोड रकम मात्र डायलसिस सेवा प्रवाहमा प्रदेश सरकारले लगानी गरेको छ । उनले अब प्रदेश सरकारले निशुल्क मृगौला प्रत्यारोपण गर्ने विषयलाई पनि सोच्नुपर्ने आवश्यक्ता आएको उल्लेख गरे।

तथ्याङ्क अनुसार प्रदेशका ४१ अस्पतालको १७ युनिटबाट डायलसिस सेवा प्रवाह गरिएको छ। प्रदेशमा ७७३ जनाले डायलसिस सेवा लिइरहेका छन्।

## गण्डकी ...

सत्रसय फाँट र कलेस्तीफाँट तथा कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानका पकेट क्षेत्र हुन् । पर्वतको फलेवास र जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला र गल्याङ, म्याग्दीको भगवती, पिप्ले र घतान, बागलुङको बडिगाड, गलकोट र जैमिनी तथा नवलपुरको कावासोती, गैँडाकोटलगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ। गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिन्छ।

# आठौँ पोखरा स्पोर्ट्स अवार्डबाट झण्डै २ लाख बचत

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ साउन

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पोखरा स्पोर्ट्स अवार्ड २०८० बाट करिब दुई लाख रुपैयाँ बचत गरेको छ। मञ्चले बुधबार पोखरा २५, हेमजा स्थित सुइखेत रिभर भ्याली रिसोर्टमा सातौँ स्थापना दिवसको अवसरमा आठौँ पोखरा स्पोर्ट्स अवार्ड २०८० को आयव्यय तथा समीक्षा कार्यक्रम मार्फत स्पोर्ट्स अवार्डको आयव्यय सार्वजनिक गरेको हो।



उक्त अवार्ड कार्यक्रमका लागि सरकारी तथा विभिन्न निकायहरूबाट आम्दानीतर्फ १८ लाख ५० हजार ५ सय ३६ रुपैयाँ र खर्चतर्फ १६ लाख ६४ हजार २५९ रुपैयाँ गरि एक लाख ८६ हजार २७७ रुपैयाँ बचत गर्न सफल भएको मञ्चका कोषाध्यक्ष एवं आर्थिक व्यवस्थापन उपसमिति संयोजक कविता घर्तिमगरले जानकारी दिइन्। यसका अलावा मञ्चलाई विभिन्न व्यक्ति तथा व्यापारिक प्रतिष्ठानहरूबाट तीन लाख ६२ हजार रुपैयाँ बराबरको सहयोग प्राप्त भएको थियो। पोखराको ब्रान्ड बनिसकेको अवार्ड भव्य बनाउन कुनै कसर बाँकी नराखेको मञ्चका अध्यक्ष एव स्पोर्ट्स अवार्ड आयोजक मूल समिति संयोजक दीननाथ बरालले दाबी गरे। उनले भने, 'पोखराको ब्रान्डको रुपमा स्थापित भइसकेको अवार्ड कार्यक्रमलाई सरकारी तथा विभिन्न सङ्घसंस्था र शुभेच्छुकहरूलाई जुन किसिमको साथ पायौँ, यो हाम्रो लागि गौरवको कुरा हो । उहाँहरूसँग आगामी दिनपनि हातेमालो गर्दै अगाडि बढ्ने छौँ ।' अवार्ड कार्यक्रमको गरिमालाई हेरेर अझैपनि सहयोगीहरूले सघाउने प्रतिवद्धता जनाइरहेको बरालको भनाई थियो। उनका अनुसार अझै दुई लाख बढी रकम मञ्चलाई छिट्टै प्राप्त हुने क्रममा रहेको छ। मञ्चलाई गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, प्रदेश खेलकुद परिषद् गण्डकी , योमा माई मोटर्सको टेल्जी स्कुटर, सहास स्पोर्ट्स, राखेप, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय, टाइगर ग्रुप अफ पोखरा, केसी ग्रुप प्रा.लि. स्व. सेनानी हेमबहादुर गुरुङको परिवार, सिटिजन फर्निचर न्युरोड, मादी गाउँपालिका, बुमऱ्याङ रेष्टुरेन्ट एण्ड बार, सहारा क्लब पोखरा, सहारा यूके, बगर भाइखलक यूके, तमुधिं यूके, परिचय एडभरटाइजिङ, सुपर मार्दी हाइड्रो पावर लगायतबाट मुख्य सहयोग रहेको अध्यक्ष बरालले बताए । सो अवसरमा अवार्ड कार्यक्रमलाई आगामी दिनमा थप परिष्कृत र परिमार्जित गर्दै लैजानुपर्नेमा सहभागीले जोड दिए। निवर्तमान महासचिव विजय नेपाल, सदस्यहरू रोहितराज पराजुली, दीपक परियार, धनबहादुर गुरुङ, विजय नेपाली, रूपनारायण ढकाल, बालकुमारी पौडेल तारा लगायतले पोखरा स्पोर्ट्स अवार्डसँगै मञ्चले गर्ने विभिन्न गतिविधिका सम्बन्धमा महत्वपूर्ण सुझाव दिएका थिए। कार्यक्रममा मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवालीले अक्षयकोषको छुट्टै बैंक खाता स्थापना गर्न सुझाव दिँदै उक्त अभियान सफल पार्न आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे। मञ्च अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदी, प्रेस चौतारी नेपाल गण्डकी प्रदेश अध्यक्ष इन्द्रप्रसाद पौडेल, नेपाल प्रेस यूनियन गण्डकी प्रदेश उपाध्यक्ष माधवप्रसाद रेग्मी, प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण दवाडी, मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ र महासचिव राजाराम पौडेलले मञ्चको स्थापना दिवस र आठौँ पोखरा स्पोर्ट्स अवार्डका सम्बन्धमा भनाई राखेका थिए।

गत वैशाख २८ गते पोखरा सभागृहमा "स्वस्थता र समृद्धिका लागि खेलकुद" नाराका साथ 'आठौँ पोखरा स्पोर्टस् अवार्ड-२०८०' मा वर्ष उत्कृष्ट खेलाडी अवार्ड पुरुषतर्फ क्रिकेटका अर्जुन कुमाल र महिलातर्फ आईटीएफ तेक्वान्दो खेलाडी सुस्मिता थापामगरले जित्न सफल भएका थिए । यस्तै, वर्ष उदीयमान खेलाडीको अवार्ड ब्याडमिन्टनकी दिलासा राना, उत्कृष्ट प्रशिक्षकको अवार्ड भलिबलका रमेश केसी, वर्ष उत्कृष्ट खेल पत्रकार अवार्डबाट रोहितराज पराजुली र खेलकुद सङ्घसंस्था वा क्लबतर्फको अवार्ड सहारा क्लब पोखरालाई प्रदान गरिएको थियो । यसवर्ष लाइफटाइम अचिभमेन्ट अवार्डबाट एथलेटिक्स प्रशिक्षक ईन्द्रा मल्ल सम्मानित भएकी थिइन् । यसैगरी ओलम्पियन खेलाडी नारायण गुरुङ र टेनिसको अन्तरराष्ट्रिय वरियता प्राप्त खेलाडी अभिषेक बाँस्तोलालाई विशेष (स्पेशल) अवार्डबाट सम्मान गरिएको थियो। मञ्चले २०७२ सालदेखि पोखरामा निरन्तर स्पोर्ट्स अवार्ड कार्यक्रम गर्दै आएको छ। २०५७ सालमा खेलकुदपत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो । देश संघीयतामा गएसँगै २०७५ सालमा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रुपमा विकास गरिएको छ । हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन्।

**नेपालद्धारा पत्रकार अक्षयकोषमा सहयोग रकम हस्तान्तरण**

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका निवर्तमान महासचिव विजय नेपालले मञ्चले स्थापना गरेको पत्रकार अक्षयकोषमा सहयोग रकम हस्तान्तरण गरेका छन् । उक्त अवसरमा नेपालले मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवाली, कोषाध्यक्ष कविता घर्ती मगरलाई ११ हजार १ सय ११ रुपैयाँ बराबरको चेक हस्तान्तरण गरेका हुन्।

पत्रकारको हकहितको लागि स्थापना गर्न लागिएको उक्त अभियानमा सानो सहयोग गरेको नेपालले जनाए । उक्त कोषमा हालसम्म मञ्चका अध्यक्ष बरालले १० हजार, पूर्व सल्लाहकार सुर्दशन रन्जितले २५ हजार सहयोग गरेका छन्। अध्यक्ष बराल नेतृत्व टिमले १० लाख अक्षयकोष स्थापना गर्ने घोषणा गरेको थियो। अब सो घोषणालाई पुरा गरिने बताइएको छ।

## सङ्क्रमणकालीन ...

लोकतान्त्रिक गणतन्त्रको रक्षा र प्रभावकारी कार्यान्वयनका लागि आफू अघि बढ्ने पनि स्पष्ट पार्नुभयो।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कार्यदलले नेपालीले आफ्नो विवाद आफैँले समाधान गर्न सक्छन् भन्ने युनिक सन्देश दिई विश्वलाई अनुकरणीय उदाहरण दिएको बताउनुभयो । उहाँले सहमति कार्यान्वयनमा सहमति मिलोस् भनी कामना गर्नुभयो । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नयाँ सरकार गठनपछिको राम्रो कामका रूपमा कार्यदलको प्रतिवेदनलाई लिँदै विगतदेखि नै सहमितको प्रयास गरिएको स्मरण गर्नुभयो।

उहाँले प्रतिवेदनलाई संसद्को वैधानिक प्रक्रियाबाट टुङ्गो लगाई नेपालीमाझ शान्ति, स्थायित्व र विकासको सन्देश जाओस् भन्ने आग्रह गर्नुभयो।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा गठित राजनीतिक कार्यदलले आज तीन प्रमुख दलका शीर्ष नेतासमक्ष प्रतिवेदन हस्तान्तरण गरेको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आयोजित कार्यक्रममा प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष ओली, नेपाली कांग्रेसका सभापति देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष दाहाललाई प्रतिवेदन हस्तान्तरण गरिएको हो।

प्रतिनिधिसभामा दर्ता भई सभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा विचाराधीन रहेका ती विधेयकका मुख्य सवालमा सहजीकरण र छलफल गरी निकालिएको निचोडको प्रतिवेदन बुझाइएको हो।

कार्यदलमा कांग्रेसबाट गृहमन्त्रीसमेत रहनुभएका रमेश लेखक, एमालेबाट प्रमुख सचेतक महेश बर्तौला र माओवादी केन्द्रबाट जनार्दन शर्मा रहनुभएको थियो। मेलमिलापको विषय, सशस्त्र द्वन्द्वमा अङ्गभङ्ग भएकाहरूको क्षतिपूर्ति, सजायका विषयमा पीडितमैत्री भई सहमति निकालिएको गृहमन्त्री लेखकले जानकारी दिनुभयो।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

